# युवा क्लबहरुको गठन तथा सञ्चालन
# सम्बन्धि निर्देशिका

**सिविससँग आवद्द युवा क्लब**

सिविससँग आवद्द हुने युवा क्लबहरु सामाजिक परिवर्तनका लागि श्रमिक, गरिबीमा रहेका तथा जोखिमपुर्ण परिस्थितमा रहेका युवा तथा बालबालिकाहरुको जीवनमा सकारात्मक परिवर्तनका साथ उनीहरुको न्युनतम मानव अधिकारहरुको संरक्षण र सम्वर्द्धन गर्न क्रियाशिल हुन चाहने युवाहरुको समुह हो ।

यस्ता युवा क्लबहरु सहभागी सदस्यहरुका आधारमा मुख्यतया ३ प्रकारका हुन सक्छन् :

१) स्वयं श्रमिक तथा गरिबीमा रहेका युवाहरुको समुह : विभिन्न खाले श्रममा संलग्न (विशेषत घरेलु श्रम) तथा गरिबीमा रहेका एवं अवसबाट बंचित पारिएका युवाहरुको सँगठित समुह एक युवा समुह हुन सक्दछ । सिविस यस्ता खाले युवा समहको गठन, सबलीकरण तथा परिचालनलाई प्राथमिकता प्रदान गर्दछ ।

२) मिश्रीत युवा समुह : केवल गरिबीमा रहेका, श्रमिक तथा पछाडी पारिएका युवाहरुको मात्र नभई तुलनात्मक रुपमा अवसर प्राप्त युवाहरु समेत सम्मिलित भई पनि युवा समुह गठन गर्न सक्छन् । यस्तो युवा समुहलाई पनि सिविसले आफ्ना कार्यक्रमहरुमा स्विकार्दछ । तर यस्ता युवा क्लबहरुमा ६० प्रतिशत सुविधा विहीन र ४० प्रतिशत सुविधा प्राप्तहरुको तथा कार्य विभाजन कार्यसमितिको प्रतिनिधित्व समानुपातिक हुन जरुरी छ ।

३) सुविधाप्राप्त युवा समुह : सुविधाविहिन युवा तथा बालबालिकाहरुको अधिकार संरक्षण र सम्वर्द्धन गर्न तथा उनीहरुको सशक्तिकरणका लागि तुलनात्मक रुपमा सुविधा प्राप्त युवाहरुले पनि विभीन्न युवा समुह गठन गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्छन् । यस्ता युवा समुहहरु पनि सिविसका सामाजिक साझेदारको रुपमा क्रियाशिल हुन सक्दछन् । तर कुल परियोजनाको अन्दाजी २० प्रतिशत मात्र हिस्सा यस्ता युवा समुहहरुको लागि छुट्याइनुपर्दछ ।

*त्यसैगरी युवा समुह क्रियाशिल क्षेत्रको आधारमा यसलाई मुख्य तया २ किसिमले विभाजन गर्न सकिन्छ :*

१) विद्यालय तथा कलेज आधारित : विभिन्न विद्यालय तथा कलेजलाई आफ्नो कार्यक्षेत्र बनाएर विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका युवा समुहहरु विद्यालय तथा कलेज आधारित यवा समुहहरु हुन् । यी युवा समुहहरुले विशेषत कलेज तथा विद्यालयभित्र सिमित भई बालबालिका तथा युवाका विभन्न मद्दाहरु उठान गर्ने र दबाब सृजना गर्ने कार्य गर्दछन् ।

२) समुदायमा आधारित : स्थानीय भुगोलको निश्चित क्षेत्रलाई आफ्नो कार्यक्षेत्र निर्धारण गरी विभिन्न कार्यक्रमहरु आयोजना गर्ने युवा समुहहरुलाई समुदायमा आधारित युवा समुह भनिन्छ । यस्ता युवा समुहहरुले समुदायमा नै विभिन्न रचनात्मक तथा दबाबमुलक एवं जनचेतनामुलक कार्यक्रमहरुको आयोजना गरी बालबालिका तथा युवाका विषयहरुलाई उठान गर्ने गर्दछन् ।

## युवा क्लबका सदस्यहरु

यस कार्यक्रमको उद्देश्यका लागि युवा भन्नाले १५ देखि २५ बर्ष उमेर समुहका नागरिकहरुलाई समेटिएको छ । यसै अन्तर्गत यवा र राजनितीको सन्दर्भमा १५ देखि ३० बर्ष उमेर समुहका नागरिकहरुलाई यस कार्यक्रमले समेट्दछ ।

## यवा क्लबको संरचना

सिविससँग आवद्द युवा क्लबको संरचना तल दिइए अनसार हुन्छ :

प्रत्येक युवा क्लब ११ देखि २५ सदस्यीय सम्म हुन सक्दछ । जसमा : अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव कोषाध्यक्ष, विभिन्न समितिका संयोजकहरु तथा सदस्यहरु हुन्छन् । सदस्य संख्या धेरै भएको (१५भन्दा बढी) युवा क्लबमा भने कार्य सञ्चालनको लागि ७ देखि ९ सदस्यीय सचिवालय गठन गर्न सकिन्छ ।

यसरी गठन भएका प्रत्येक १२ युवा क्लबहरुको एक युवा सञ्जाल गठन गरिन्छ र यस्ता प्रत्येक १२ सञ्जालबाट एक सेक्टर प्रत्येक १२ सेक्टर बाट एक युवा सर्कल गठन गरिनेछ । यस्तो युवा सर्कलहरुको बार्षिक भेलाबाट एक युवा सचिवालय गठन गरिनेछ ।

युवा सचिवालयको कार्यालय हाललाई सिविसको कार्यालयमा स्थापित गरिनेछ र सिविसबाट उपलब्ध एक ब्यबस्थापकिय स्वयंसेवीको सहयोगमा युवा सचिवालय सञ्चालन गरिनेछ । यस संरचनालाई तल चित्रमा यसरी उल्लेख गरिएको छ :



**कार्यक्रम संरचना**

<u>युवा सशक्तिकरण तथा संगठित परिचालन</u>




<u>विकासमा युवाहरुको हातेमालो तथा साझेदारी</u>

यस अन्तर्गत विभिन्न तहमा युवा समहमा आवद्द युवाहरु तथा युवा संगठनहरुसँग स्थानीय देखि राष्ट्रीय एवं अन्तर्राष्ट्रीय तहमा विकासका विभिन्न मुद्दाहरु, मानव अधिकारका विषयहरु तथा गरिबी न्युनीकरणका क्षेत्रमा साथसाथै शान्ति र द्वन्द्द समायोजनका क्षेत्रमा विभिन्न स्थानीय निकाय, स्थानीय स्तरका संघ संस्था तथा राष्ट्रीय एवं अन्तर्राष्ट्रीय संस्था तथा सञ्जालहरुले सहकार्य गर्नेछन् । यस्तो सहकार्य उनीहरुको आवद्दताका साथ वा आवद्द नभइकन पनि हुन सक्नेछ । यसको संरचनालाई तल देखाए अनुसार बुझ्न सकिन्छ :




<u>युवा र उनीहरुको योगदानको सामाजिक पहिचान र मान्यता विकास तथा सुनुवाइ :</u>

युवाहरुले गरेका असल काम र ब्यबहार, तथा उनीहरुले समाजमा परिवर्तन ल्याउन सफल भएका घट्नाहरुको अभिलेखिकरण, प्रचार प्रसार तथा उत्प्रेरणाको लागि प्रयोग गरिनेछ । युवाहरुले पुर्‍याएको योगदानको चर्चा तथा उनीहरुका समस्या र अनुभव र अनभुतिहरुको आवश्यक मान्यता विकास गर्न राष्ट्रिय अन्तर्राष्ट्रिय तहमा त्यस सम्बन्धि सुनवाई कार्यकार्यक्रमहरु सञ्चालन गर्ने ।  यस कार्यक्रममा युवाहरु स्वयं आयोजक सकृय र परिचालित हनेछन् भने उनीहरुप्रति सकारात्मक सोंच राख्ने समुहले उनीहरुलाई प्रोत्साहन सहयोग प्रदान गर्नेछ ।

**<u>सम्भावित कार्यक्रमका केही उदहारणहरु :</u>**

| **कार्यक्रम** | **उदहारणका लागि गतिविधिहरु** |
|---|---|
| **युवा सशक्तिकरण तथा संगठित परिचालन** | |
| आर्थिक सशक्तिकरण | स्वरोजगार शिक्षा कार्यक्रम, ब्यबशायिक सिप तालिम, ग्रमीण कृषी प्रवर्द्धनका लागि युवा तालिम, शिक्षा र सिपका लागि युवा बचत तथा सहकारी समुह सञ्चालन आदि । |
| सँगठन | युवा समुहको सदस्यता विस्तार, थप कमिटहरुको गठन, सञ्जालहरुको निर्माण, स्थानीय समुदाय तथा कलेज एवं विद्यालयहरुमा युवा सँगठन जानकारी अभियान सञ्चालन, सँगठन निर्माण, ब्यबस्थापन र परिचालन सम्बन्धि छोटा तथा लामा तालिम एवं अनुशिक्षण तथा निर्देशिकाहरु । |
| ब्यबहारिक सिप तथा सुचना | युवा बिकास, गरिबी र अधिकारका विषयहरुमा तालिम, |

| | |
|---|---|
| | अनुशिक्षण, एच. आइ, भी, हिंसा दुर्व्यबहार जस्ता विषयबस्तुहरुको तालिम सिप प्रशिक्षण तथा जानकारी एवं शिक्षा अभियानहरु, पर्चा, पोष्टर, पत्रिका प्रकाशन एवं वितरण आदि । |
| **विकासमा युवाहरुको हातेमालो तथा साझेदारी** | |
| सहकार्य | युवाहरुको कार्यक्रमलाई सघाउने तथ विकासका विभिन्न कार्यक्रमहरुमा यवाहरुलाई सामाग्री एवं प्राविधिक सहयोग उपलब्ध गराउने र संयुक्त कार्यक्रमहरु सञ्चालन गर्ने । |
| साझेदारी | युवाका कार्यक्रमहरुलाई विभिन्न निकायहरुले आर्थित्र तथा प्राविधक सहयोग उपलब्ध गराउने युवा समुहहरु स्वयंले यस्ता विभिन्न कार्यक्रमहरु स्वतन्त्र ढंगले सञ्चालन गर्ने । |
| **युवा र उनीहरुको योगदानको सामाजिक पहिचान र मान्यता विकास तथा सुनुवाइ :** | युवा तथा यवा समुहहरुको राष्टिय, क्षेत्रीय, स्थानीय, विषयगत तथा आवधिका भृला सम्मेलन आदि, र्‍याली, धर्ना, प्रतिनिधिमण्डल भेटघाट, ज्ञापन पत्र आदि, सार्वजनिक सुनुवाइ, गोष्ठि, कार्यशाला, बैठक, भ्रमण आदि । |

**कार्यक्रम समन्वय र जिम्मेवारी विभाजन**

| **नाम** | **जिम्मेवारी** | **कैफियत** |
|---|---|---|
| ऋतु भट्ट | कार्यक्रमको समन्वय, अनुगमन, अभिलेखिकरण, सुझाव तथा सहयोग । | समुहमा कार्य हुने भएकोले यसमा एक अर्कालाई आवश्यक्ता अनुसार विभिन्न कामहरुमा सघाउनुपर्ने हुनसक्छ । |
| प्रेम घिमिरे | युवा समुहहरुको गठन, बैठक, परिचालन तथा कार्यक्रम सञ्चालन र ब्यबस्थापन | |